# सार्वजनिक पोखरीका माछा ठेक्का सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना**

छिन्नमस्ता गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक पोखरी र सोमा रहेका माछा लगायतका जलचरहरुको संरक्षण र माछा ठेक्का प्रकृयालाई व्यवस्थित गर्दै सोबाट प्राप्त लाभको सदुपयोग गरी स्थानीय समुदायको हित गर्ने सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वान्छनीय भएकोले छिन्नमस्ता गाउँपालिकाको सार्वजनिक जग्गा संरक्षण र सदुपयोग ऐन २०८१ को दफा ३५ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाबाट यो कार्यविधि तर्जुमा गरी जारी गरिएको छ ।

## परिच्छेद एक

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्ररम्भः** (१) यस कार्यविधिको नाम "सार्वजनिक पोखरीका माछा ठेक्का सम्बन्धी कार्यविधि २०८१" रहेको छ ।

(२) यो कार्यविधि गाउँपालिकाको कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन गरे पश्चात् तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "कार्यपालिका" भन्नाले छिन्नमस्ता गाउँपालिकाको कार्यपालिकालाई जनाउँदछ ।

(ख) "गाउँपालिका" भन्नाले छिन्नमस्ता गाउँपालिकालाई जनाउँदछ ।

(ग) "जलचर" भन्नाले पोखरी लगायतका स्थानमा रहेको जलमा बस्ने माछा लगायतका सबै किसिमका जलचरलाई जनाउँदछ ।

(घ) "ठेक्का" भन्नाले यस कार्यविधि अनुसार माछा समात्ने तथा मार्ने कामको लागि कुनै खास अवधि तोकी कार्यपालिकाले दिएको ठेक्कालाई जनाउँदछ ।

(ङ) "ठेक्का सम्झौता" भन्नाले माछा सङ्कलनका लागि गाउँ कार्यपालिका र डाक बढावढ सकार गर्नेका बीचमा भएको सम्झौतालाई जनाउँदछ ।

(च) "डाक बढावढ" भन्नाले माछा सङ्कलनका लागि कायम गरिएको न्यूनतम् मूल्य भन्दा बढी रकम सकार गर्नेगरी लिलाम बढाबढ गर्ने गराउने कार्यलाई जनाउँदछ ।

(छ) "धरौटी" भन्नाले माछा संकलन गर्ने कार्य सम्पन्न नभएसम्म सुरक्षण बापत राखिएको रकमलाई जनाउँदछ र सो शब्दले डाक बढावडको जमानत वा अन्य कुनै कारणले सुरक्षण राख्नु पर्नेमा सो बापत राखिएको रकम समेतलाई जनाउनेछ ।

(ज) "वातावरण समिति" भन्नाले छिन्नमस्ता गाउँपालिकामा रहेको वन, वातावरण र विपद व्यवस्थापनका विषयमा गठित समितिलाई जनाउँदछ ।

(झ) "सार्वजनिक पोखरी" भन्नाले मानव निर्मित वा प्राकृतिक रुपमा सार्वजनिक प्रयोजनका लागि बने बनाईएको पाखरी र सो पोखरीले चर्चेको क्षेत्र तथा डिल समेतलाई जनाउँछ र सो शब्दले कुनै व्यक्तिले आफ्नो निजी जग्गामा व्याक्तिगत वा सार्वजनिक प्रयोजनका लागि पोखरी बनाई उक्त पोखरी पछि सार्वजनिक रुपमा भोग चलनमा ल्याई मालपोत मिनाहा गराई निजी हकभोग परित्याग गरेको पोखरी समेतलाई जनाउँदछ ।

(ञ) "सूचना" भन्नाले सार्वजनिक पोखरीमा माछा ठेक्का बन्दोवस्तका सम्बन्धमा गाउँ कार्यपालिकाले प्रकाशन गरेका सूचनालाई जनाउँदछ र सो शब्दले यस कार्यविधिको कार्यान्वयनका लागि प्रकाशन गरेका अन्य सम्बन्धित सूचनाहरुलाई समेत जनाउँदछ ।

## परिच्छेद दुई
## सार्वजनिक पोखरीको अभिलेख र संरक्षण सम्बन्धी व्यवस्था

३. **सार्वजनिक पोखरीको पहिचानः** (१) परम्परादेखि सार्वजनिक प्रयोजनका लागि उपयोग हुँदै आएको ताल, तलाउ वा पोखरी र यी क्षेत्रको संरक्षणका लागि बनाइएको डिल वा आली वा बाँध समेत सार्वजनिक पोखरीको रुपमा रहने छन् ।

(२) जग्गा नापजाँच, भूमी र मालपोत तथा सार्वजनिक जग्गासम्बन्धी प्रचलित नेपाल कानून बमोजिम सार्वजनिक पोखरीको भू-स्वामित्व नेपाल सरकारमा निहित रहनेछ ।

(३) गाउँपालिकामा पहिचान र अभिलेखित भएका सार्वजनिक पोखरी र सोमा रहेका माछा लगायतका जलचरहरुको संरक्षण, भोग चलन वा सदुपयोगको व्यवस्थापन गाउँपालिकाले गर्नेछ।

तर नेपाल सरकारको अनुमति नलिई सार्वजनिक पोखरीको भू-स्वामित्व हस्तान्तरण गर्न वा बेचविखन गर्न पाइने छैन ।

४. **सार्वजनिक पोखरी दर्ताको अद्यावधिक अभिलेख राखेः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सम्पूर्ण सार्वजनिक पोखरीहरुको सम्बन्धमा सार्वजनिक जग्गा संरक्षणसम्बन्धी कानून बमोजिमका विवरणहरु तयार गरी कार्यपालिकामा अद्यावधिक अभिलेख (विवरण) राख्नु पर्नेछ ।

५. **सार्वजनिक जग्गामा रहेका पोखरीको सूची प्रकाशनः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सार्वजनिक जग्गामा रहेका पोखरीहरुको बारेमा सम्बन्धित बडा कार्यालय मार्फत विवरण लिई देहायको विवरण तयार गरी अभिलेख राख्नु पर्नेछः

(क) पोखरी रहेको साविक गाउँपालिकाको नाम र हालको नाम
(ख) पोखरी रहेको साविक वडा नम्बर र हालको वडा नम्बर
(ग) पोखरी रहेको सार्वजनिक जग्गाको कित्ता नम्बर
(घ) पोखरी रहेको सार्वजनिक जग्गाको क्षेत्रफल

(ङ) सार्वजनिक जग्गामा रहेको पोखरीमा रहेका माछाका मूख्य प्रजातीहरु लगायत अन्य जलचरहरुको विवरण।

(२) सार्वजनिक जग्गामा रहेका पोखरीहरुको माछा ठेक्का लगाउँदा उपदफा (१) बमोजिमको विवरणलाई आधार मानी सोही विवरण अनुसारको माछा पोखरी ठेक्का सम्बन्धी डाक बढावढको सूचना प्रकाशन गर्नु पर्नेछ ।

६. **सार्वजनिक पोखरी संरक्षण र सदुपयोगमा वडा कार्यालयको भूमिकाः** (१) कार्यपालिकाले सार्वजनिक पोखरीहरुको विवरण संकलन र अभिलेख तयार गर्दा आवश्यक पर्ने विवरणहरु सम्बन्धित वडा कार्यालय मार्फत माग गर्नुपर्नेछ ।

(२) सार्वजनिक पोखरीको संरक्षण तथा सदुपयोग सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन, निरीक्षण तथा अनुगमन जस्ता कार्यहरुमा वडा कार्यालयहरुको भूमिका निर्धारण गर्नु पर्नेछ ।

७. **सार्वजनिक पोखरीको निजी उपयोग हटाउनेः** (१) कार्यपालिकाबाट अनुमित नलिई वा यस कार्यविधि बमोजिम डाँक बढावडमा भाग नलिई कुनै सार्वजनिक पोखरीमा कुनै व्यक्तिले माछा मार्ने वा अन्य कुनै रुपमा प्रयोग गर्ने कार्य गर्दै आएको पाईएमा उक्त कार्य रोक्न र सार्वजनिक पोखरीमा कुनै पनि कार्य नगर्नका लागि कार्यपालिकाले सम्बन्धित व्यक्तिलाई तत्काल सूचना दिन वा सार्वजनिक रुपमा सूचना जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना दिएको वा सार्वजनिक रुपमा सूचना प्रकाशन गरिएको ७ दिन सम्ममा पनि सार्वजनिक पोखरीको निजी उपयोग गर्ने कार्य वा सार्वजनिक पोखरीमा माछा मार्ने कार्य नरोकेमा कार्यपालिकाले आवश्यक स्रोत परिचालन गरी वा उचित बल प्रयोग गरी सम्बन्धित वडा कार्यालयसँगको समन्वयमा सार्वजनिक पोखरीमाथिको निजी कब्जा वा हस्तक्षेप हटाउन सक्नेछ।

८. **माछा समात्ने वा मार्ने कार्य गर्दा पालना गर्नुपर्ने सुरक्षा मापदण्डः** (१) सार्वजनिक पोखरीका माछा समात्ने वा मार्ने कार्य गर्दा कुनै किसिमको विद्युतीय धार (करेण्ट), करेण्ट जाल (गिल नेट), विष्फोटक पदार्थ, विषादी वा विषालु पदार्थको प्रयोग गर्न वा गराउन पाइने छैन ।

(२) सार्वजनिक पोखरीका माछा समात्ने वा मार्ने कार्य गर्दा परम्परागत रुपमा प्रयोग गर्दै आएका डुङ्गा र परम्परागत एवं वातावरणमैत्री जाल वा बल्छीको प्रयोग गर्नु पर्नेछ ।

९. **सार्वजनिक पोखरी प्रदुषण गर्न र पुर्न नपाइनेः** सार्वजनिक पोखरीमा माछा मार्दा वा अन्य कुनै पनि कार्य गर्दा विषादी प्रयोग गर्ने वा अन्य कुनै पनि रुपमा फोहरमैला विषर्जन गर्न वा दुषित पानी वा ढल मिसाउन र पोखरी पुर्ने कार्य गर्न गराउन पाइने छैन ।

१०. **सार्वजनिक पोखरीको स्वरुप विगार्न वा फेरवदल गर्न नपाइनेः** (१) सार्वजनिक पोखरीका माछा समात्ने वा मार्ने कार्य गर्दा र सार्वजनिक पोखरीको पानी प्रयोग गर्दा सार्वजनिक पोखरीको स्वरुप विगार्न वा फेरवदल गर्न पाइने छैन ।

(२) सार्वजनिक पोखरीका माछा समात्ने वा मार्ने कार्य गर्दा सार्वजनिक पोखरीको स्वरुप विगार्ने वा फेरवदल गर्ने तथा डिल भत्काउने वा कमजोर बनाउने कार्य गरी सार्वजनिक पोखरीमा क्षति भएमा सार्वजनिक पोखरीलाई साविककै स्वरुपमा लैजान र डिल मर्मत गर्नका लागि लाग्ने सम्पूर्ण खर्च र क्षति सम्बन्धित व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(३) सार्वजनिक पोखरीको सदुपयोगका लागि उक्त पोखरीसम्म आवत जावत गर्ने कार्यमा सार्वजनिक पोखरीसँग सिमाना जोडिएका जग्गावालाहरुले अवरोध गर्न पाइने छैन ।

(४) कसैले पनि सार्वजनिक पोखरीमा रहेको माटो, पोखरी वा सोको क्षेत्रमा पर्ने रुख बिरुव लगायतका पोखरीसँग अन्तरसम्बन्धित भएका वस्तुहरु हटाउन वा क्षति गर्न गराउन पाइने छैन।

११.**सार्जजनिक पोखरीसँग सम्बन्धित सार्वजनिक वा धार्मिक अभ्यास गर्न दिनु पर्नेः** सार्वजनिक पोखरीमा माछा मार्ने ठेक्का दिइएको भए तापनि उक्त पोखरीमा आधारित परम्परागत धार्मिक रितीरिवाज र पूजापाठ वा अन्य कुनै धार्मिक अनुष्ठान गर्न र पोखरीका डिलहरुको सार्वजनिक उपयोग वा आवत जावत गर्न, गाई वस्तुलाई पानी खुवाउनमा रोक लगाउन पाइने छैन ।

१२.**माछा लगायत जलचरको तथ्याङ्क राखेः** (१) कार्यपालिकाले सम्बन्धित वडा कार्यालयसँग पत्राचार गरी गाउँपालिका क्षेत्र भित्रको सार्वजनिक पोखरी, ताल तलाउ र सिमसार क्षेत्रमा पाईने जलीय जैविक विविधता (सबै प्रकारका माछा र अन्य घस्रने प्राणी, शंखे किरा, घोगीं माछा, झिङ्गे माछा लगायतका अन्य जलचर) को विशेषज्ञ वा परम्परागत ज्ञान भएका स्थानीय विसिन्दा मार्फत सर्वेक्षण गराई आफ्नो कार्यालयमा अभिलेख राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले राखे अभिलेख कार्यपालिकाले वडा कार्यालयहरुको सहयोगमा प्रत्येक तीन वर्षमा अध्यावधिक गर्नु पर्नेछ ।

१३.**सार्वजनिक माछा पोखरीकोको संरक्षणमा खर्च गर्नेः** (१) सार्वजनिक पोखरीकोको माछा ठेक्काबाट गाउँपालिकाले प्राप्त गर्ने रकम मध्ये कम्तिमा ५० प्रतिशत रकम सम्बन्धित वडा कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) वडा कार्यालयले उपदफा (१) बमोजिम प्राप्त गरेको रकम मध्येबाट कम्तिमा २५ प्रतिशत रकम सार्वजनिक पोखरीको संरक्षण र सो पोखरीको आसपासमा वस्ने स्थानीय वासिन्दाको सामाजिक हित र रोजगारीमूलक कार्यमा खर्च गर्नु पर्नेछ ।

## परिच्छेद तीन
## सार्वजनिक पोखरीका माछा ठेक्कासम्बन्धी व्यवस्था

१४.**सार्वजनिक पोखरीका माछा ठेक्का दिने अधिकारः** सार्वजनिक पोखरीका माछा समात्न वा मार्न ठेक्का दिने वा नदिने भन्ने विषयमा निर्णय गर्ने अधिकार कार्यपालिकालाई हुनेछ ।

१५.**जलारी तथा माछा ठेकेदार सूचीकृत गर्न सक्नेः** (१) सार्वजनिक पोखरीका माछा समात्ने वा मार्ने ठेक्काको डाक बढावढ गर्ने प्रकृया आरम्भ गर्नुपूर्व उक्त ठेक्कामा भाग लिन चाहने जलारी तथा माछा ठेकेदारहरुलाई देहायको विवरण सहित गाउँपालिकामा निश्चित समयभित्र सूचीकृत हुनका लागि कार्यपालिकाले सूचना प्रकाशन गर्न सक्नेछः

(क) माछा ठेक्कामा भाग लिन चाहने व्यक्तिको नाम र माछा ठेक्का लिन चाहेको पोखरीको नाम

(ख) माछा ठेक्कामा भाग लिन चाहने संघ संस्था, फर्म, कम्पनी वा लघु तथा घरेलु उद्योगको नाम र माछा ठेक्का लिन चाहेको पोखरीको नाम

(२) उपदफा (१) बमोजिमको विवरण सहित उक्त सूचनामा दिइएको समयभित्र माछा ठेक्कामा भाग लिन चाहने जलारी तथा माछा ठेकेदारहरुले अनुसूची १ बमेजिमको निवेदन दिई गाउँपालिकामा सूचिकृत हुनु पर्नेछ ।

(३) यस दफा बमोजिमको विवरण सम्बन्धित वडा कार्यालय मार्फत पनि तयार गर्न सकिनेछ।

(४) कुनै कारणले उपदफा (१) बमोजिमको सूचना प्रकाशन गरी माछा ठेक्कामा भाग लिन चाहने जलारी तथा माछा ठेकेदारहरुको सूची प्रकाशन नभएको अवस्थामा पनि माछा ठेक्काको बन्दोवस्त गर्नका लागि ठेक्का प्रकृया अगाडी बढाउन सकिनेछ ।

१६.**खुल्ला प्रतिष्पर्धाका माध्यमबाट सार्वजनिक पोखरीमा माछा ठेक्का बन्दोवस्तः** (१) सार्वजनिक पोखरीका माछा मार्न वा समात्न ठेक्का बन्दोवस्त गर्दा खुल्ला प्रतिष्पर्धाका माध्यमबाट डाक बढावढ हुनेगरी देहायका विवरण र दफा १७ बमोजिमका शर्तहरु सहित प्रथम पटक १५ दिनको र सो अवधीमा आवश्यक संख्यामा प्रस्ताव नपरेमा वा डाक बढावढ नभएमा प्रत्येक पटक ७ दिनको म्याद दिई ३ पटक सम्म सूचना प्रकाशन गर्न सकिनेछः

(क) माछा ठेक्काको डाक बढावढ हुने मिति, स्थान र समय

(ख) सकार रकम र धरौटी रकम जम्मा गर्नुपर्ने बैंक खताको विवरण

(२) उपदफा (१) बमोजिमको सूचना प्रकाशन गर्दा गाउँपालिकाको सूचना पाटीका साथै सम्बन्धित वडा कार्यालयको सूचना पाटीमा समेत सूचना टाँस गर्नु पर्नेछ ।

(३) माछा पोखरी ठेक्का बन्दोवस्त गर्दा कुनै पनि पोखरीको बढीमा ३ वर्षका लागि मात्र गर्न पाइनेछ र सो अवधी पछि पूनः ठेक्का आव्हान गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्रकाशित सूचनाको म्यादभित्र माछा मार्ने वा समात्ने ठेक्कामा भाग लिन चाहने स्थायी लेखा नम्बर (PAN) लिएका व्यक्ति र विधिवत रुपमा दर्ता भइ नवीकरण गरेका संघ संस्था, फर्म, कम्पनी वा लघु तथा घरेलु उद्योगहरुले गाउँपालिकाद्वारा निर्धारित मिति र समय भित्रमा डाक बढावढमा भाग लिन सक्ने छन् ।

१७.**माछा मार्ने वा समात्ने ठेक्काका शर्तहरुः** (१) सार्वजनिक पोखरीमा माछा मार्ने वा समात्ने ठेक्काका लागि डाक बढावढमा भाग लिने सूचना प्रकाशन गर्दा अनुसूची २ बमोजिमको ढाँचामा प्रकाशन गर्नुपर्नेछ र उक्त सूचनामा देहाय बमोजिमका शर्तहरु उल्लेख गर्नु पर्नेछः

(क) माछा पोखरीको ठेक्का खुल्ला प्रतिष्पर्धाका आधारमा डाक बढावढ हुनेगरी हुनेछ ।

(ख) सूचनामा उल्लेखित ठेक्का रकम माछा पोखरीको न्यूनतम ठेक्का रकम भएकोले ठेक्का कबोल गर्दा सो रकम भन्दा कम हुनेगरी कबोल गर्न पाईने छैन।

(ग) डाक बढाबढ गर्दा शुरु डाक रकमको १० प्रतिशतमा नबढाई डाक बढ्नु पर्नेछ ।

(घ) सबै भन्दा बढी डाक रकम कबोल गर्नेको नाउँमा ठेक्का सदर गरिनेछ ।

(ङ) आफुले कवोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप सूचनामा उल्लिखित बैंक खातामा नगद जम्मा गरी सोको भौचर पेश गर्नु पर्नेछ ।

(च) सरकारी निकायको पेश्की फछ्यौंट नगरेकोति ,र्नु बुझाउनु पर्ने रकम नतिरी बाँकी रहेको व्यक्ति र निजको परिवार तथा एका सगोलको नातेदार, फर्म वा कम्पनीले ठेक्का सकार गर्न पाउने छैन ।

(छ) डाक बढाबड सदर भएको मितिले ७ दिन भित्र प्रथम किस्ता बापतको रकम सम्झौता हुनुभन्दा पूर्व र दोश्रो र तेस्रो किस्ता वापतको रकम कार्यपालिकाले तोकेको मिति सम्ममा गाउँपालिकाको खाता रहेको बैंकमा कार्यपालिकाले उपलब्ध गराएको आन्तरिक राजस्व खाता नम्बरमा रकम दाखिला गरेको सक्कलै भौचर सम्झौता हुनुपूर्व पेश गर्नु पर्नेछ ।

(ज) ठेकदारले आफुले कवोल गरेको रकममध्ये सबै किस्ताको कूल रकम शुरुमा नै एकमुष्ट रुपमा भुक्तानी गरेकमा कूल सकार रकमको १५ प्रतिशत रकम छुट पाउनेछ ।

(झ) दोश्रो र तेश्रो (अन्तिम) किस्ताको रकम वापत ठेकेदारले जग्गा वा अन्य कुनै चल अचल सम्पत्ती जमानत राख्नु पर्नेछ ।

(ञ) कार्यपालिकाले दिएको म्याद भित्र रकम दाखिला हुन नसकेमा धरौटी जफत गरी दोश्रो ठेकेदारलाई ठेक्का बन्दोबस्ती गरिनेछ र दोश्रो ठेकेदारले पनि नलिएमा सोको धरौटी जफत गरी तेश्रो ठेकेदारलाई ठेक्का बन्दोबस्ती गरिनेछ ।

(ट) ठेकेदारले राखेको धरौटी रकम अन्तिम किस्तामा मिलान गरी बाँकी रकम भुक्तानी गर्नु पर्नेछ ।

(ठ) डाक बढाबढको लागि निर्धारित दिनमा कुनै कारणले बिदा पर्न गएका सो विदाको भोलि पल्ट कार्यालय खुल्ने समयमा डाँक बढाबढको प्रकृया शुरु हुनेछ ।

(ड) यस सूचनामा प्रकाशित पोखरीहरुको माछा मार्ने वा समात्ने ठेक्काका लागि निर्धारित दिनमा सबै पोखरीको माछाका लागि डाक बढाबढ हुन नसकेमा बाँकी पोखरीहरुको माछाका लागि अर्को मिति तय गरी डाक बढाबढ गराउन सकिनेछ।

(ढ) माछा मार्ने वा समात्ने ठेक्काका शर्तहरु उल्लंघन भएको अवस्थामा कार्यपालिकाले जुनसुकै समयमा पनि ठेक्का तोड्न वा भङ्ग गर्न सक्नेछ ।

(ण) माछा मार्न ठेक्का पाउनेले अनुमतिपत्रमा जुन माछा मार्न ठेक्का पाएको हो सो बाहेकको अन्य माछा वा अन्य जलचर मार्न वा हानि नोक्सानी गर्न पाउने छैन ।

(त) ठेक्कामा लिएको पोखरी र सोमा रहेका माछाको सुरक्षा सम्बन्धित ठेकदारले आफै गर्नु पर्नेछ र कुनै हानी नोक्सानी भएमा गाउँपालिका जवाफदेही हुने छैन र सो क्षति वापतको क्षतिपूर्ति उपलब्ध गराउने छैन ।

(थ) माछा मार्ने वा समात्ने ठेक्का सम्बन्धी अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचनामा कुनै कारणले संसोधन गर्नु परेमा वा केही कुरा थपघट गर्नु परेमा सो सम्बन्धी सम्पूर्ण अधिकार कार्यपालिकामा निहित रहनेछ ।

१८.**माछा मार्ने वा समात्ने ठेक्का सम्झौताः** (१) माछा मार्ने वा समात्ने ठेक्कासम्बन्धी डाक बढावडको प्रकृयामा भाग लिई सबै भन्दा बढी रकम कबोल गर्नेको कबोल रकम सदर गरी उक्त व्यक्ति, फर्म वा कम्पनीलाई डाक बढावड सम्पन्न भएको सात दिन भित्रमा ठेक्का सम्झौता गर्न आउनका लागि जानकारी दिई कार्यपालिकामा सोको सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको समय भित्रमा यस कार्यविधि बमोजिमको रकम भुक्तानी गरेको भौचर र जमानत राखेको प्रमाण पेश गरी सम्झौता गर्न आएमा दफा १७ बमोजिमका शर्तहरु र अन्य आवश्यक विषयहरु समावेश गरी सम्झौता गर्नु पर्नेछ ।

(३) डाक बढावडको प्रकृयामा भाग लिई सबै भन्दा बढी रकम कबोल गर्ने पक्ष निर्धारित समयमा सम्झौता गर्न नआएमा निजले राखेको धरौटी रकम जफत गरी डाक बढाबढको दोस्रो वढी रकम कबोल गर्नेको कबोल रकम सदर गरी निजलाई डाक बढावड सम्पन्न भएको पन्ध्र दिन भित्रमा ठेक्का सम्झौता गर्न आउनका लागि जानकारी दिई कार्यपालिकामा सोको सूचना प्रकाशन गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको समय भित्रमा यस कार्यविधि बमोजिमको रकम भुक्तानी गरेको भौचर र जमानत राखेको प्रमाण पेश गरी सम्झौता गर्न आएमा दफा १७ बमोजिमका शर्तहरु र अन्य आवश्यक विषयहरु समावेश गरी सम्झौता गर्नु पर्नेछ ।

(५) डाक बढाबढको दोस्रो बढी रकम कबोल गर्ने पक्ष पनि उपदफा (३) बमोजिमको समय भित्रमा सम्झौता गर्न नआएमा निजले कुनै रकम धरौटी राखेको भएमा उक्त रकम जफत गरी डाक बढाबढको तेस्रो बढी रकम कबोल गर्नेको कबोल रकम सदर गरी निजलाई डाक बढावड सम्पन्न भएको एक्काइस दिन भित्रमा ठेक्का सम्झौता गर्न आउनका लागि जानकारी दिई कार्यपालिकामा सोको सूचना प्रकाशन गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको समय भित्रमा यस कार्यविधि बमोजिमको रकम भुक्तानी गरेको भौचर र जमानत राखेको प्रमाण पेश गरी सम्झौता गर्न आएमा दफा १७ बमोजिमका शर्तहरु र अन्य आवश्यक विषयहरु समावेश गरी सम्झौता गर्नु पर्नेछ ।

(७) माछा मार्ने वा समात्ने ठेक्कासम्बन्धी सम्झौताको ढाँचा अनुसूची - ३ बमोजिम हुनेछ ।

(८) डाक बढावडमा पहिलो, दोस्रो र तेस्रो बढी रकम कबोल गर्नेहरु यस दफा बमोजिमको समयभित्रमा सम्झौता गर्न नआएमा उक्त डाक बढावड रद्ध गरी पूनः अर्को डाक बढावढको प्राकृया अवलम्बन गर्नु पर्नेछ ।

१९. **मौसम वा समय निर्धारणः** (१) सार्वजनिक पोखरीमा माछा मार्ने वा समात्ने प्रयोजनका लागि कार्यपालिकाले कुनै निश्चित महिना वा मौसम वा समय निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको महिना वा मौसम वा समय निर्धारण गरिएको अवस्थामा उक्त कुरालाई ठेक्का सम्झौताको शर्तका रुपमा पालना गर्नु पर्नेछ ।

२०. **शर्त पालना नगरेमा ठेक्का रद्द हुनेः** (१) ठेकेदारले ठेक्का सम्झौतामा उल्लेख गरिएका शर्तहरूको पालन नगरेमा वा किस्तावन्दीमा बुझाउनु पर्ने रकम समयमा नबुझाएमा उक्त ठेकेदारलाई कार्यपालिकाले अनुसूची-४ बमोजिमको ढाँचामा ७ दिनको म्याद दिई लिखित स्पष्टीकरण माग गर्न सक्नेछ र उक्त म्याद भित्र स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा कार्यपालिकाले धरौटी रकम जफत गरी सम्बन्धित ठेकेदारलाई अनुसूची-५ बमोजिमको ढाँचामा ठेक्का रद्द भएको सूचना दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम ठेक्का रद्द गर्नुपूर्व ठेकेदारहरूले शर्तको पालना गरे नगरेको विषयमा कार्यपालिकाको वातावरण समितिले अनुगमन गरी प्रतिवेदन तयार गर्न सक्नेछ ।

(३) ठेकेदारले ठेक्का सम्झौतामा उल्लेखित शर्तहरूको पालन नगरेका कारण गाउँपालिकालाई कुनै हानी नोक्सानी हुन गएमा कार्यपालिकाले सरकारी बाँकी सरह सो नोक्सानीको हर्जना असूल गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम ठेक्का रद्ध भएको अवस्थाका उक्त पोखरीका माछा मार्न वा समात्नका लागि अर्को ठेक्का बन्दोवस्त गर्न सकिनेछ ।

२१. **क्षतिपूर्ति भराउनेः** (१) यस कार्यविधि बमोजिम ठेक्का लिने व्यक्ति बाहेक अन्य व्यक्तिले माछा मारेमा वा कुनै क्षति गरेमा कार्यपालिका वा न्यायिक समितिले क्षति मूल्याङ्कन गरी सम्बन्धित व्यक्तिबाट क्षति असुल उपर गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पानि माछा चोरीको विषयमा सम्बन्धित व्यक्तिले सम्बन्धित प्रहरी कार्यालयमा जाहेरी दिन र चोरी मुद्दा लगाई क्षति असुल उपर गराउन सक्नेछ ।

## परिच्छेद चार
## विविध

२२.**सार्वजनिक पोखरी र माछा संकलन कार्यको अनुगमनः** (१) कार्यपालिकाको वातावरण समितिले सार्वजनिक पोखरी र माछा संकलन कार्यको समय समयमा र आवश्यकता अनुसार अनुगमन गरी प्रतिवेदन पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमनबाट प्राप्त विवरणका आधारमा कार्यपालिकाले सम्वन्धित ठेकेदारलाई आवश्यक सुझाव दिन सक्नेछ ।

२३.**सार्वजनिक पोखरीको संरक्षण र माछा पालनका लागि समन्वय र सहकार्यः** (१) सार्वजनिक पोखरीको संरक्षण र माछा पालनका लागि ठेकेदारहरुले गाउँपालिकासँग समन्वय र सहकार्य गर्नु पर्नेछ ।

(२) सार्वजनिक पोखरीको संरक्षण र माछा पालनका लागि गाउँपालिकाले वार्षिक योजना बनाई आवश्यकता अनुसारका कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

२४.**निजी पोखरी, गुठी अन्तर्गतका पोखरी, विद्यालय लगायतका शैक्षिक संस्थाका पोखरीको व्यावसायिक माछा पालनमा शुल्क लगाउन सक्नेः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रमा रहेका निजी पोखरी, गुठी अन्तर्गतका पोखरी, विद्यालय लगायतका शैक्षिक संस्थाका पोखरीकोको व्यावसायिक माछा पालन र विक्री वितरण गर्ने व्यक्ति, फर्म, कम्पनी वा उद्योगलाई आर्थिक ऐनमा व्यवस्था गरी स्थानीय कर वा शुल्क लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त रकम मध्ये कम्तिमा २५ प्रतिशत रकम सम्बन्धित वडा कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

२५.**कार्यविधिको पालना र बाँधा अडकाउ फुकाउः** (१) सम्बन्धित सरोकारवाला सबैले यस कार्यविधिको पालना गर्नु पर्नेछ ।

(२) यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै समस्या उत्पन्न भई व्याख्या गर्नु परेमा कार्यपालिकाले व्याख्या गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची १

(दफा १५ सँग सम्बन्धित)

श्री अध्यक्ष ज्यू,
छिन्नमस्ता गाउँपालिका ।

विषयः माछा संकलन गर्ने ठेकेदारको रुपमा सूचीकृत गरी पाउँ ।

उपरोक्त सम्बन्धमा.......................................................................(व्यक्ति वा संघ संस्था, फर्म, कम्पनी वा लघु तथा घरेलु उद्योगको नाम लेख्ने) माछा संकलन गर्ने ठेकेदारको रुपमा सूचीकृत हुन चाहेकोले देहायको विवरण सहित सूचीकृत गरी पाउँ भनी यो निवेदन पेश गर्दछु:

(क) माछा ठेक्कामा भाग लिन चाहने व्यक्तिको नाम र माछा ठेक्का लिन चाहेको पोखरीको नाम वा

(ख) माछा ठेक्कामा भाग लिन चाहने संघ संस्था, फर्म, कम्पनी वा लघु तथा घरेलु उद्योगको नाम र माछा ठेक्का लिन चाहेको पोखरीको नाम

निवेदक

नामः
दस्तखतः
मितिः

## अनुसूची २

(दफा १७ सँग सम्बन्धित)

छिन्नमस्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिल्ला सप्तरी
मधेश प्रदेश, नेपाल

(प्रथम पटक सूचना प्रकाशित मितिः..........................)

यस गाउँपालिकाको रेखदेख, संरक्षण र नियमन तथा व्यवस्थापनमा रहेका तपसिलमा उल्लिखित सार्वजनिक पोखरी तथा तलाउहरुमा आ.व. २०../.. को ...... महिनाको १ गतेदेखी आ.व. २०../.. को ...... महिनाको मसान्त सम्म माछा संकलन तथा विक्रीका लागि खुल्ला प्रतिष्पर्धा गरी डाक बढावढका माध्यमबाट ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले उक्त पोखरीहरुमा माछा संकलन तथा विक्रीको ठेक्का लिन चाहने व्यक्ति वा संघ संस्था, फर्म, कम्पनी वा लघु तथा घरेलु उद्योगले यस सूचनामा उल्लिखित शर्तहरु र यस गाउँपालिकाको सार्वजनिक पोखरीका माछा ठेक्का सम्वन्धी कार्यविधि २०८१ मा उल्लिखित व्यवस्थाहरुको अधिनमा रही डाक बढावढमा भाग लिने भएमा मिति .................. देखी शुरु हुने डाक बढावढमा भाग लिन आउनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

माछा संकलन तथा विक्रीका लागि खुल्ला गरिएका पोखरीहरुको विवरण

| क्रस | साविक गाउँपालिका | साविक वडा नं. | हालको वडा नं. | कित्ता नं. | पोखरीको नाम | क्षेत्रफल | न्यूनतम् ठेक्का रकम |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |

क्रमशः राख्ने

शर्तहरु

(दफा १७ बमोजिमका शर्तहरु यहाँ उल्लेख गर्ने)

अनुसूची - ३

(दफा १८ सँग सम्बन्धित)

छिन्नमस्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिल्ला सप्तरी
मधेश प्रदेश, नेपाल

## माछा मार्ने वा समात्ने ठेक्कासम्बन्धी सम्झौता

१. सम्झौताका पक्षहरु

(क) छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय

ठेगाना:

फोन नम्बर:

सम्झौता कार्यान्वयनका लागि सम्पर्क व्यक्ति

(ख) माछा मार्ने वा समात्ने ठेकेदारको

नाम:

ठेगाना:

फोन नम्बर:

२. कूल ठेक्का रकम

(क) पहिलो किस्ता:

(ख) दोस्रो किस्ता:

(ग) तेस्रो किस्ता:

३. सार्वजनिक माछा पोखरीको

(क) ठेगाना:

(ख) क्षेत्रफल:

४. सार्वजनिक पोखरीमा मार्न वा समात्न अनुमति पाएका माछाका प्रजातिको नाम:

५. सार्वजनिक पोखरीमा माछा मार्ने वा समात्ने

महिना:

समय:

६. सार्वजनिक पोखरीमा माछा मार्ने वा समात्ने मुख्य शर्तहरु (दफा १७ बमोजिमको)

७. पोखरी मर्मत सम्भारका शर्तहरु

८. काबु बाहिरको परिस्थितका शर्तहरु
९. बीमा सम्बन्धमा उल्लेख गर्ने भएमा सो सम्बन्धी व्यवस्था
१०.सम्झौता संशोधनका शर्तहरु
११.सम्झौता रद्ध हुने अवस्थाहरु
१२.विवाद समाधानका उपायहरु
१३.ठेक्कासँग सम्बन्धित कागजातहरुको सूची
१४.अन्य आवश्यक व्यवस्थाहरु

सम्झौताका पक्षहरुको दस्तखत

मितिः

## अनुसूची ४
(दफा २० सँग सम्बन्धित)

छिन्नमस्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिल्ला सप्तरी
मधेश प्रदेश, नेपाल

मितिः.........................

विषयः माछा ठेक्का सम्झौताका शर्तहरु पालना नगरेको सम्बन्धमा स्पष्टीकरण पेश गर्ने बारे ।

यस गाउँपालिकाको रेखदेख, संरक्षण र नियमन तथा व्यवस्थापनमा रहेका सार्वजनिक पोखरी तथा तलाउहरु मध्ये आ.व. २०../.. को ...... महिनाको १ गतेदेखी आ.व. २०../.. को ...... महिनाको मसान्त सम्म माछा संकलन तथा विक्रीका लागि खुल्ला प्रतिष्पर्धा गरी डाक बढावढका माध्यमबाट ठेक्का पाई माछा मार्ने क्रममा तपाईले यस गाउँपालिकाको सार्वजनिक पोखरीका माछा ठेक्का सम्बन्धी कार्यविधि २०८१ मा उल्लिखित शर्तहरु र ठेक्का सम्झौताका शर्तहरु पालना गर्ने शर्तमा सम्झौता गरिएकोमा उक्त शर्तहरु मध्ये ................. शर्तहरु पालना नगरेको पाइएकोले तपाईसँग भएको सम्झौता किन रद्द नगर्ने भनी स्पष्टीकरण सोध्ने निर्णय भएकोले यो पत्र प्राप्त गरेको वा तपाईको ठेगानामा तामेल भएको मितिले ७ दिन भित्रमा आफ्नो लिखित स्पष्टीकरण यस कार्यपालिकाको प्रशासन शाखामा पेश गर्नुहुन आदेशानुसार अनुरोध छ । उक्त समय भित्रमा लिखित स्पष्टीकरण पेश नगरेमा वा पेश गरिएको स्पष्टीकरण सन्तोषजनक नभएका यस कार्यविधि र प्रचलित कानून बमोजिम तपाईसँग मिति ................. मा भएको ठेक्का सम्झौता रद्द गरिने व्यहोरा अवगत गराईन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची ५
(दफा २० सँग सम्बन्धित)

छिन्नमस्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिल्ला सप्तरी
मधेश प्रदेश, नेपाल

मितिः .....................

विषयः माछा ठेक्का सम्झौता रद्द गरिएको व्यहोरा जानकारी गराईएको बारे ।

यस गाउँपालिकाको रेखदेख, संरक्षण र नियमन तथा व्यवस्थापनमा रहेका सार्वजनिक पोखरी तथा तलाउहरु मध्ये आ.व. २०../.. को ...... महिनाको १ गतेदेखी आ.व. २०../.. को ...... महिनाको मसान्त सम्म माछा संकलन तथा बिक्रीका लागि खुल्ला प्रतिष्पर्धा गरी डाक बढावढका माध्यमबाट ठेक्का पाई माछा मार्ने क्रममा तपाईले यस गाउँपालिकाको सार्वजनिक पोखरीका माछा ठेक्का सम्बन्धी कार्यविधि २०८१ मा उल्लिखित शर्तहरु र ठेक्का सम्झौताका शर्तहरु पालना नगरेको पाइएकोले तपाईसँग भएको सम्झौता किन रद्द नगर्ने भनी स्पष्टीकरण सोधिएकोमा तोकिएको म्यादभित्र तपाईले लिखित स्पष्टीकरण पेश नगर्नु भएकाले/ तपाईले पेश गर्नु भएको स्पष्टीकरण सन्तोषजनक नभएकोले मिति ................. मा तपाईसँग मिति................ मा भएको सम्झौता कार्यपालिकाको मिति ................. सम्पन्न बैठकबाट रद्द गरिएको व्यहोरा अवगत गराउँदछु। सो मिति पश्चात उक्त पोखरीमा माछा संकलन गर्ने तथा माछा मार्ने कार्य नगर्नु नगराउनु होला र यो सूचनाको अवज्ञा गरिएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा अवगत गराईन्छ ।

प्रमुख प्रशासकीय अधिकृत